# पर्सा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**पर्सा, सर्लाही**

**प्रदेश नं. २, नेपाल**

# क्याटलग/ब्रोसर सपिङ विधिबाट एम्बुलेन्स खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशन मिति :-२०७७/०९/१०**

यस कार्यालयको आ.व.२०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको एम्बुलेन्स सार्वजनिक खरिद ऐन (२०६३ पहिलो संशोधन २०७३) को दफा ८ को उपदफा १(क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संशोधन) को नियम ३१(ख) बमोजिम त्यस्तो **सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालका लागी आधिकारिक बिक्रेता (Importer)** हरु बीचमात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ख) को उपनियम २ अनुसार देहायबमोजिम सवारी साधनको उत्पादकको आधिकारिक स्पेशिफिकेशन (क्याटलग वा ब्रोसर), गुणस्तर र कम्पनीको आधिकारिक मुल्यखुल्ने कागजात संलग्न राखि तपसिलमा उल्लेख भएबमोजिमको प्रस्तावदर्ता गराउनुहुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

१) एम्बुलेन्सको स्वीकृत विस्तृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालयबाट निशुल्क प्राप्तगर्न सकिने छ । कार्यालयबाट स्वीकृत स्पेशिफिकेशनको offered specification column मा आफनो प्रस्ताव गरेको उपकरणको विस्तृत विवरण तथा मांगगरिएका अरु थप विवरण अनिवार्य भरेर सही छाप गरी सिलबन्दीका साथ पेश गर्नुपर्नेछ ।

२) उक्त कागजात लिनका लागी ईच्छुक उत्पादक कम्पनी वा सो को नेपालका लागी आधिकारिक बिक्रेताले उक्तसवारी साधनबिक्रीगर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्तभएको अनुमतिपत्र, सो को अद्यावधिक नविकरण भएको पत्र, स्थायी लेखानम्वर (PAN) तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ. व. २०७६/०७७ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त सवारी सप्लाई गरेको हालसम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र सहितका कागजात सहित यस कार्यालयमा उपस्थित हुनुपर्नेछ । **साथै नेपालको आधिकारिक विक्रेताको हकमा उत्पादक कम्पनीको authorization पत्र (Manufacturer Authorization Letter) अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।**

३) यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन १५.३० बजेसम्म यस कार्यालयमा छुटाछुट्टै सिलबन्दी प्रस्तावदर्ता गराउन सकिने छ तथा दर्ता गरिएका सिलबन्दी प्रस्तावहरु सोही दिन १६.०० बजे खोलिनेछ ।

४) साथै सूचिकृत नभएका उत्पादक वा आधिकारिक बिक्रेता कम्पनीहरुले सूचिकृत गराई उक्त सिलबन्दी प्रस्ताव पेश गर्न सकिने ब्यहोरा समेत जानकारी गराइन्छ ।

५) पेश गर्ने अन्तिमदिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ ।

| सि.नं. | साधनको नाम | संक्षिप्तविवरण | कैफियत |
|---|---|---|---|
| १. | एम्बुलेन्स | 4 Wheel drive, Water cooled Diesel Engine, developing Maximum rated power output not less than 45 kw at governed RPM and Maximum torque not less than 110 NM | संक्षिप्त बिवरणमा उल्लेख नभएका कुराहरु स्विकृत technical specification बमोजिमहुनेछ । |

**प्रमुख प्रशासकिय अधिकृत**